कोशी प्रदेश सभा सचिवालय
कटहरी, मोरङ, नेपाल

प.सं. :- ०८३/८४
च.नं. :- १८१

मिति :- वि.सं. २०८३/०७/१९
ने.स. :- ११४६ कौलागा,११ बिहिवार

विषयः लेख उपलब्ध गराउने सम्बन्धि सूचना सम्बन्धमा।

श्री मन्त्रालय/ निकाय/ सचिवालयहरु सबै
कोशी प्रदेश ।

प्रस्तुत विषयमा कोशी प्रदेश सभाको नवौं स्थापना दिवसको अवसरमा "स्मारिका" प्रकाशन गर्न लागिएको व्यहोरा सहर्ष जानकारी गराउँदै स्मारिका प्रकाशन समितिले प्रकाशन गरेको लेख उपलब्ध गराउने सम्बन्धि संलग्न सूचना सम्बन्धित सबैमा जानकारी गराइदिनुहुन अनुरोध छ।

.....
(नारायण प्रसाद खनाल)
सहायक अधिकृत

फोन नम्बर : ०२१-४४०६१४, ५२५९९८ / ईमेल : 1sachibalaya@gmail.com
वेयव साईट : www.pradeshshabha.koshi.gov.np

CamScanner

कोशी प्रदेश सभा सचिवालय
(स्मारिका प्रकाशन समिति)

मिति: २०८३/०७/१९

विषय: लेख उपलब्ध गराउने सम्बन्धि सूचना।

प्रस्तुत विषयमा आगामी २०८३ माघ २२ गते मनाइने कोशी प्रदेश सभाको नवौं स्थापना दिवसको अवसरमा "स्मारिका" प्रकाशन गर्ने प्रयोजनार्थ देहायको विषयक्षेत्र अन्तर्गत रही विशिष्ट कुनै एक शीर्षकमा लेख तयार पारी स्मारिका प्रकाशन समितिमा यही मिति २०८३ साल मंसिर १५ गते भित्र उपलब्ध गराइदिनुहुन प्रदेश सभाका माननीय सदस्यहरु, पूर्व सदस्यहरु, विषय-विज्ञ ज्यूहरु, सचिवालयमा कार्यरत कर्मचारी एवं पूर्व कर्मचारीहरुमा हार्दिक अनुरोध गरिन्छ ।

१. लेख रचनाका विषयक्षेत्र:

(क) नेपालको संविधान, संघीय शासन प्रणाली तथा प्रदेश सरकारको संवैधानिक र कानुनी अधिकार क्षेत्र ।

(ख) प्रदेश सभाको काम, कर्तव्य, अधिकार तथा विधायिकी कार्य ।

(ग) कानून निर्माण प्रक्रिया, विधेयकको अध्ययन, दफावार छलफल, संशोधन प्रस्ताव तथा कानूनको कार्यान्वयन ।

(घ) संसदीय समिति, समितिको कार्यप्रणाली, संसदीय निगरानी तथा सरकारको जवाफदेहिता ।

(ङ) प्रदेश सभा सचिवालयको संस्थागत विकास, व्यवस्थापन, प्रशासनिक सुधार तथा कर्मचारीको व्यावसायिक क्षमता अभिवृद्धि ।

(च) संसदीय अभ्यास, संसदीय परम्परा, संसदीय मर्यादा तथा अन्तर-व्यवस्थापिका सम्बन्ध ।

(छ) प्रदेशको बजेट, सार्वजनिक वित्त व्यवस्थापन, आर्थिक अनुशासन तथा वित्तीय उत्तरदायित्व ।

(ज) संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय, सहकार्य तथा सहअस्तित्व ।

(झ) सुशासन, पारदर्शिता, सूचनाको हक, नागरिक सहभागिता तथा सार्वजनिक जवाफदेहिता ।

(ञ) महिला, किशोरी, दलित, आदिवासी जनजाति, मधेसी, अपाङ्गता भएका व्यक्ति तथा अन्य समुदायको प्रतिनिधित्व, समावेशिता र सशक्तीकरण ।

(ट) कोशी प्रदेशको सामाजिक, आर्थिक, सांस्कृतिक, वातावरणीय तथा विकाससम्बन्धी सवाल ।

(ठ) संसदीय कार्यमा सूचना प्रविधिको प्रयोग, डिजिटल अभिलेख व्यवस्थापन तथा नवप्रवर्तन ।

(ड) प्रदेश सभा तथा सचिवालयका गतिविधि, संस्थागत अनुभव, असल अभ्यास र सुधारका सम्भावना ।

(ढ) प्रदेश सभाको कार्यक्षेत्रसँग प्रत्यक्ष वा परोक्ष रूपमा सम्बन्धित अन्य समसामयिक, अनुसन्धानमूलक तथा नीतिगत विषय ।

२. लेख रचनाका आधारभूत मापदण्ड

(१) लेख रचना निर्धारित विषयक्षेत्रसँग सम्बन्धित, सान्दर्भिक, स्पष्ट उद्देश्ययुक्त तथा पाठकका लागि उपयोगी हुनुपर्ने ।

(२) लेख मौलिक हुनुपर्नेछ । अन्यत्र प्रकाशित लेखलाई स्रोत नखुलाई पुनः प्रस्तुत गरिएको वा अरूको लेख रचनालाई आफ्नै सिर्जनाका रूपमा प्रस्तुत गरिएको लेख प्रकाशनका लागि स्वीकार गरिने छैन ।

(३) लेखमा प्रस्तुत तथ्य, तथ्याङ्क, मिति, कानुनी व्यवस्था, निर्णय, उद्धरण तथा अन्य विवरण आधिकारिक वा विश्वसनीय स्रोतबाट पुष्टि गर्न सकिने हुनुपर्नेछ ।

(४) लेखमा विषयको सैद्धान्तिक पक्षका साथै व्यावहारिक अवस्था, समस्या, चुनौती, अनुभव, विश्लेषण तथा सम्भावित सुधारका उपाय समेटिएको हुनुपर्नेछ ।

(५) लेखमा लेखकको व्यक्तिगत धारणा र प्रमाणित तथ्यबीच स्पष्ट भिन्नता देखिने गरी प्रस्तुति गर्नुपर्नेछ ।

(६) लेख तथ्यमा आधारित, तार्किक, सन्तुलित तथा निष्पक्ष हुनुपर्नेछ। निराधार आरोप, अपुष्ट दाबी, व्यक्ति विशेष वा संस्थाको अनावश्यक प्रशंसा वा आलोचना समावेश गर्न पाइने छैन ।

(७) लेखमा उल्लेख गरिएका कानुन, नियम, नीति, प्रतिवेदन तथा अन्य आधिकारिक दस्तावेजको नाम, मिति र सान्दर्भिक विवरण यथासम्भव यकिन गरी उल्लेख गर्नुपर्नेछ ।

(८) अनुसन्धान वा अध्ययनमा आधारित लेखमा आवश्यकता अनुसार अध्ययन विधि, तथ्याङ्कको स्रोत, विश्लेषणको आधार र निष्कर्ष स्पष्ट खुलाइएको हुनुपर्नेछ ।

CamScanner

(९) लेखमा प्रदेश सभाको संस्थागत गरिमा, संसदीय मर्यादा, सार्वजनिक उत्तरदायित्व तथा प्रचलित कानुनको सम्मान गरिएको हुनुपर्नेछ ।

३. लेखको संरचना तथा शब्दसीमा

(१) लेख रचना सामान्यतः देहायको संरचनामा तयार गरिएको हुनुपर्नेछः

(क) लेखको उपयुक्त तथा विषयवस्तु स्पष्ट पार्ने शीर्षक ।

(ख) लेखको सारांश, आवश्यकता अनुसार ।

(ग) विषय परिचय तथा लेखको उद्देश्य ।

(घ) विषयवस्तुको विश्लेषण, तथ्यगत विवरण तथा सान्दर्भिक उदाहरण ।

(ङ) समस्या, चुनौती, अवसर तथा सुधारका सम्भावित उपाय ।

(च) निष्कर्ष तथा आवश्यक सिफारिस।

(छ) सन्दर्भ सामग्री तथा उद्धरण, आवश्यकता अनुसार।

(२) लेखको सामान्य शब्द सीमा २,००० देखि ३,५०० शब्दसम्म हुनेछ । विषयको प्रकृति, गहनता तथा उपलब्ध सामग्रीका आधारमा सम्पादकीय समितिले आवश्यक ठानेमा यसमा हेरफेर गर्न सक्नेछ।

(३) संस्मरण, अनुभवमा आधारित लेख, संस्थागत गतिविधिको विवरण, साहित्यिक रचना तथा अन्य विशेष प्रकृतिका सामग्रीको हकमा शब्दसीमा र संरचना विषयअनुसार निर्धारण गर्न सकिनेछ।

(४) शीर्षक र उपशीर्षकको प्रयोग विषयवस्तुको क्रमबद्धता र स्पष्टता कायम हुने गरी गर्नुपर्नेछ।

४. भाषा, शैली तथा प्रस्तुति

(१) लेख रचना नेपाली वा अंग्रेजी भाषामा तयार गर्न सकिनेछ। अन्य भाषामा प्राप्त सामग्रीको प्रकाशन सम्बन्धमा सम्पादकीय समितिले आवश्यक निर्णय गर्न सक्नेछ।

(२) नेपाली भाषाका लेखमा शुद्ध हिज्जे, व्याकरण, वाक्य संरचना तथा उपयुक्त शब्दावलीको प्रयोग गर्नुपर्नेछ।

(३) लेखको भाषाशैली सरल, स्पष्ट, शिष्ट, औपचारिक, तथ्यपरक तथा विषयअनुकूल हुनुपर्नेछ।

(४) कानुनी तथा संसदीय विषयमा प्रचलित कानुनी शब्दावली र आधिकारिक नामको एकरूप प्रयोग गर्नुपर्नेछ।

(५) अनावश्यक पुनरुक्ति, अतिरञ्जना, अस्पष्ट अभिव्यक्ति, असान्दर्भिक विवरण तथा भावनात्मक वा पूर्वाग्रही भाषाको प्रयोगलाई निरुत्साहित गरिनेछ।

(६) आवश्यकताअनुसार तालिका, चित्र, नक्सा, तथ्याङ्क वा अन्य दृश्य सामग्री प्रयोग गर्न सकिनेछ। त्यस्ता सामग्रीको स्रोत स्पष्ट खुलाउनुपर्नेछ।

५. सन्दर्भ, उद्धरण तथा तथ्य प्रमाणीकरण

(१) लेखमा अन्य व्यक्ति वा संस्थाका विचार, अवधारणा, तथ्याङ्क, अनुसन्धान वा प्रकाशनबाट सामग्री लिइएको भए स्रोत स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

(२) कानुन, नियमावली, निर्देशिका, नीतिगत दस्तावेज, संसदीय अभिलेख तथा आधिकारिक प्रतिवेदनलाई प्राथमिक सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्नुपर्नेछ ।

(३) इन्टरनेटमा उपलब्ध सामग्री प्रयोग गर्दा सम्बन्धित प्रकाशन वा संस्थाको नाम, उपलब्ध मिति वा प्रकाशन वर्ष तथा आवश्यकताअनुसार वेब ठेगाना उल्लेख गर्नुपर्नेछ ।

(४) सन्दर्भ सामग्री र उद्धरणको शैलीमा एकरूपता कायम गर्न सम्पादकीय समितिले निर्धारण गरेको ढाँचा पालना गर्नुपर्नेछ ।

(५) अपुष्ट तथ्याङ्क, काल्पनिक उद्धरण, भ्रामक विवरण वा प्रमाणित गर्न नसकिने दावी समावेश भएको लेखलाई संशोधनका लागि फिर्ता गर्न वा प्रकाशनका लागि अस्वीकार गर्न सकिनेछ ।

सम्पर्क व्यक्ति:
उपसचिव श्री पाक्रम खाँ, ९८४२३९९२२७
शा.अ. श्री जनक घर्ति, ९८५२६२४८०३

CamScanner